# कीर्तिपुर नगरपालिका, कीर्तिपुर
# कालो सूचि सम्वन्धी निर्देशिका, २०६९

नगरवासीलाई नगरपालिकाको हरेक क्रियाकलापमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई नगरपालिकाका योजना तथा कार्यक्रमहरुका लाभहरू उपभोग गर्न सक्ने व्यवस्था गर्न, आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा नगरवासी जनताको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्न, नगरपालिका संचालन सम्वन्धी ऐन, नियम, विनियम, मापदण्ड एवं निर्देशिकामा व्यवस्था भएका प्रावधानहरुलाई लागु गरी कानूनी शासनको अवधारणामा टेवा पुऱ्याउने र समाजमा नीति, नियम भित्र वस्ने र नवस्ने वीच सकारात्मक विभेद पैदा गरी दण्डहिनताको वातावरणको अन्त गने ´ परिस्थिति निर्माण गर्न आवश्यक भएकोले स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १६५ तथा कीर्तिपुर नगरपालिकाको विनियमावली २०६४ को विनियम ... ले दिएको अधिकार प्रयोग गरी

कीर्तिपुर नगरपालिकाको १७ औं नगरपरिषदवाट यो कालो सूचि सम्वन्धी निर्देशिकाहरु वनाई लागु गरिएको छ ।

१.**<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस निर्देशिकाको नाम "कालो सूचि सम्वन्धी निर्देशिका, २०६९" रहेको छ ।

(२) यो निर्देशिका २०६९ साल चैत्र १ गतेदेखि लागु हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनु पर्छ ।

ग) "विनियमावली" भन्नाले कीर्तिपुर नगरपालिकाको विनियमावली, २०६४ सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले कीर्तिपुर नगरपालिका सम्झनु पर्छ ।

(ङ) "नगर परिषद्" भन्नाले कीर्तिपुर नगरपालिकाको नगर परिषद् सम्झनु पर्छ ।

(च) "प्रमुख" भन्नाले कीर्तिपुर नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(छ) "उप प्रमुख" भन्नाले नगरपालिकाको उप प्रमुख सम्झनु पर्छ ।

(ज) सचिव/कार्यकारी अधिकृत भन्नाले ऐनको तफा २५३ बमोजिम नगरपालिकाको सचिव भई काम गर्न नियुक्त कर्मचारी वा निजको निमित्त भई काम गर्ने कर्मचारी सम्झनु पर्छ ।

(भ) “कालो सूचि” भन्नाले यसै निर्देशिका वमोजिम तोकिएको कार्यविधि पुऱ्याई अद्यावधिक गरिएको कालो सूचि सम्भनु पर्दछ ।

३. यस निर्देशिका अनुसार कालो सूचिमा निम्नानुसार व्यक्ति वा संस्थाहरु सूचिकृत गरिनेछन् । उजुरी निवेदन वा नगरपालिकाको अनुगमन टोली वा प्राविधिकहरुको स्थलगत प्राविधिक प्रतिवेदन उपर चालिएको कार्वाहीका आधारमा यो सूचि तयार गरिनेछ । सूचिको जानकारी सवै शाखा तथा वडा कार्यालयहरुमा समेत गराईनेछ ।

1. नगरपालिका सम्वन्धी कानून वमोजिम जारी भएको आदेश नमान्ने,
2. जथाभावी फोहोरमैला फ्याँकेका कारण नगरपालिकावाट भएको सजायँ भुक्तानी गर्न वाँकी,
3. कुनै पनि सरसामान सार्वजनिक आवागमनमा अवरोध हुने गरी थुपारेका विषयमा नगरपालिकाका तर्फवाट जारी भएको आदेश नमान्ने ।
4. ऐन विपरित भवन निर्माण कार्य गर्ने,
5. नगरपालिकाको वाँकी वक्यौता, पेश्की, बेरुजु फछ्र्यौट नगर्ने,
6. सार्वजनिक भवन, जग्गा वा अन्य सम्पत्ती अतिक्रमण गर्ने ,
7. राजश्व तथा कर, सेवा शुल्क सम्वन्धी नगरपालिकाको नीति, आदेश उल्लंघन गर्ने,
8. कानुन वमोजिम तोकिएको जरिवान चुक्ता नगर्ने,

४. **कालो सूचिमा सूचिकृत गर्ने वा सूचिवाट हटाउने कार्यविधि :**

निर्देशिकाको दफा ३ अनुसार कालो सूचिमा सूचिकृत गर्नु पर्ने कारण स्पष्ट भए पश्चात् दफा ५ वमोजिम गठित कार्यदलको सिफारिसमा कार्यकारी अधिकृतले कालो सूचिमा सुचिकृत गर्ने वा सूचिवाट हटाउने निर्णय गर्ने छ । तर कालो सूचिमा सुचिकृत गर्नु अघि सम्वन्धीत पक्षलाई आफ्नो सफाई पेश गर्ने वा आफ्नो कर्तव्य पालन गर्ने अवसर प्रदान गर्नु पर्नेछ ।

५. **कालो सूचि कार्यान्वयन कार्यदल गठन :**

कालो सूचिमा सूचिकृत गर्न तथा सूचिकृत नाम हटाउन कार्यकारी अधिकृतका नाममा आवश्यक सिफारिस गर्न निम्नानुसारको कालो सूचि कार्यान्वयन कार्यदल गठन गरिनेछ ।

क) कानून शाखा प्रमुख : संयोजक

ख) आर्थिक प्रशासन शाखा प्रमुख वा प्रतिनिधी

ग) राजश्व शाखा प्रमुख वा प्रतिनिधी

घ) प्राविधिक शाखा प्रमुख वा प्रतिनिधी

ङ) सम्वन्धीत वडा सचिव

च) अनुगमन टोलीको संयोजक - सदस्य सचिव

कार्यदलले कालो सूचि सम्वन्धमा अनुसूचि १ वमोजिमको लगत अद्यावधिक गर्नेछ । यो निर्देशिका कार्यान्वयनमा असहयोग गर्ने नगरपालिकाका कर्मचारीका विषयमा समेत आवश्यक कार्वाहीको लागि कार्यकारी अधिकृत समक्ष सिफारिस गर्न सक्नेछ ।

६. **<u>सेवा, सुविधा रोक्का हुने :-</u>** दफा ३ वमोजिम कालो सूचिमा सूचिकृत तथा तिनका एकाघर तीन पुस्ते भित्रका परिवार सदस्यहरुका लागि नगरपालिका तर्फवाट प्रदान गरिने सवै सेवा, सुविधा एवं सिफारिस रोक्का गरिनेछ । यो निर्देशिका लागु भए पश्चात् सेवाग्राहीले आफ्नो आवेदन, उजुरी निवेदन प्रस्तुत गर्ने उजुरी कर्ताले आफ्नो परिचय खुल्ने नेपाली नागरिकताको प्रमाण पत्र संग संगै कर चुक्ताको प्रमाण पत्र (घर-जग्गा कर, बहाल कर, व्यावशाय दर्ता/नविकरण) अनिवार्य रुपमा पेश गर्नु पर्ने र सेवा प्रदान गर्ने सवै कर्मचारीले कालो सूचि रुजु गरेर मात्र आवश्यक सेवा सेवा प्रदान गर्नेछ । तर नेपाली नागरिकता तथा कानूनले तोकेको ढाँचामा आफ्नो नजिकको मृतक नातेदार संग नाता प्रमाणित प्रमाण पत्र लिन, पंजिकरण सम्वन्धी सेवा तथा विपत संग सम्वन्धीत सिफारिस लगायतका सेवा प्रदान गर्ने विषयका हकमा भने यो प्रावधान लागु हुने छैन ।

७. **<u>दरपीठ गर्नु पर्ने :-</u>** विभिन्न निवेदन तथा दरखास्तका विषयमा तत्काल कार्यान्वयनको क्रममा कालो सूचिका कारण तत्काल कार्यान्वयन नहुने भए कारण समेत खुलाई (दरपीठ गरी) सेवाग्राहीलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

८. **<u>निर्देशिकामा संशोधन :-</u>** नगरपालिकाले आवश्यकता अनुसार यस निर्देशिकामा संशोधन तथा र थपघट गर्न सक्नेछ । त्यस्तो संशोधन वा थपघट नगरपरिषद्बाट पारित भएपछि लागू हुनेछ ।

९. **<u>निर्देशिकाको व्याख्या :-</u>** यस निर्देशिकाको अन्तिम व्याख्या गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।

अनुसूचि ०१

**कीर्तिपुर नगरपालिका कार्यालय**

**कालो सूचि**

| सि.नं. | सूचिकृत व्यक्ति/संस्थाको विवरण | | | सूचिकृत गर्नु पर्नाको कारण, सूचिकृत गर्नेको दस्तखत एवं नाम, थर | कैफियत |
|---|---|---|---|---|---|
| | नम, तीन पुस्ते सहित | ठेगाना | आदेश मिति | | |
| | | | | | |